नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से)

सिंहदरबार प्लाजा, काठमाडौं ।

शुभम पावर लिमिटेडको (SPL) साधारण शेयर सूचीकरण गरिएको

## सूचना

आज मिति २०७९/११/१८ का दिन नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र शुभम पावर लिमिटेड ( नेप्से सिम्बोल SPL) बीच प्रति शेयर अंकित तथा चुक्ता मूल्य रु.१००।- कायम भएको २०,००,००० कित्ता साधारण शेयर सूचीकरण गर्ने सम्झौता सम्पन्न भयो । कम्पनीले सर्वसाधारण समक्ष मुक्तिनाथ क्यापिटल लिमिटेड (धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक) मार्फत साधारण शेयर खुल्ला बिक्री आव्हान गरेको थियो । यसरी आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरुमा वितरण गरिएको १९,४२० कित्ता (०.९७%), सर्वसाधारण लगानीकर्ता शेयरधनीहरुमा वितरण गरिएको ५,८०,५८० ( २९.०३%) कित्ता र कम्पनीका संस्थापकहरुले लगानी गरेको १४,००,००० (७०%) कित्ता शेयर ( धितोपत्र) समेत गरी जम्मा २०,००,००० (१००%) कित्ता साधारण शेयर वितरण भई धितोपत्र सूचीकरण विनियमावली, २०७५ बमोजिम मिति २०७९/११/१७ गतेको निर्णयानुसार यस स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण गरिएको हुँदा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

पुनश्च : मिति २०७९/११/१८ मा नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र उक्त कम्पनी बीच धितोपत्र सूचीकरण सम्झौता सम्पन्न भएको दोस्रो दिनवाट यस स्टक एक्सचेञ्ज लिमिटेडमा उक्त कम्पनीको धितोपत्रको दोस्रो बजार कारोबार शुरु हुनेछ । प्रस्तुत कम्पनीको प्रधान कार्यालय काठामाडौं जिल्ला, कमलादीमा रहेको र सूचीकरण पश्चात् दिनु पर्ने RTS सेवा मुक्तिनाथ क्यापिटल लिमिटेड, नक्साल, काठमाडौंबाट हुने छ ।

सूचीकरण शाखा
नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाडौं ।
फोन नं.: ०१-४२५०७५५/५६/५८

मिति : २०७९/११/१८